# बैठक नं.९९

आज मिति २०७८ भदौ २२ गते मंगलबार दिनको ४:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ५ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| ९ | सदस्य, का.अध्यक्ष वडा न. ७ | श्री महेश्वरी माली | |
| १० | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १३ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १४ | सदस्य | श्री राजु मिजार | |
| १५ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १६ | सदस्य | श्री सरस्वती परियार | |
| १७ | सदस्य | श्री सानु मिजार | |
| १८ | सदस्य | श्री सुनीता नकर्मी | |
| १९ | सदस्य | श्री सुमन पोखरेल | |
| २० | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २१ | सचिव | श्री कृष्णप्रसाद सापकोटा | |
| आमन्त्रित व्यवस्थापन कर्मचारीहरु: | | | |
| १ | लेखा अधिकृत | श्री प्रविन कुमार शाही | |
| २ | सचिवालय | श्री संजिता लामा | |

## निर्णय नं.१

यस नगरपालिकाको विधायन समितिबाट तयार भै नगर प्रमुखबाट नगरकार्यपालिकामा पेश भएका तपशिलका ऐन, कार्यविधि एंव मापदण्डहरु उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

१. कीर्तिपुर नगरपालिका सामाजिक परिचालक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७८
२. कीर्तिपुर नगरपालिका सौगात गृह सञ्चालन कार्यविधि, २०७८

## निर्णय नं.२

चालु आ.व.२०७८/०७९ को योजना संचालनको हकमा नगरसभाबाट पारित भई सकेका सम्पूर्ण वडा स्तरीय योजनाहरु चालु आ.व.को असोज १५ सम्ममा योजना सम्झौता गरी योजना संचालन गर्ने निर्णय गरियो ।

## निर्णय नं.३

यस नगरपालिकामा गत विगत आ.व.मा सम्झौता भई विश्वव्यापी कोरोना महामारीको मारण निर्धारित समयभित्र कार्यसम्पन्न हुन नसकेका योजना तथा कार्यक्रमहरुको सम्बन्धित उपभोक्ता समिति एवं संघ संस्थाहरुको सम्बन्धित वडाको सिफारिस सहित म्याद थपका लागि माग भई आएका योजना तथा कार्यक्रमहरुको माग बमोजिम म्याद थप गरिदिने र चालु आ.व. २०७८/०७९ का लागि स्वीकृत विनियोजन ऐन, २०७८ मा अल्या गरिएका योजना/कार्यक्रमहरु चालु आ.व.२०७८/०७९ को मंसिर मसान्तभित्रमा सम्पन्न गर्ने गराउने निर्णय गरियो ।

## निर्णय नं.४

नेपालको संविधानको भाग १७ धारा २१४ मा उल्लिखित स्थानीय तहको कार्यकारी अधिकार अन्तर्गत गरिएका व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा १२ को ग (१९) मा वडा समितिको काम, कर्तब्य र अधिकार अन्तर्गत वडालाई बालमैत्री बनाउने भन्ने व्यवस्था रहेको छ जस अनुसार कीर्तिपुर नगरपालिका, वडा नं. ७ लाई बालमैत्री वडा घोषणाको लागि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/०३/२८ गते प्राप्त पत्र र मिति २०७८/०३/२७ मा (माननीय मन्त्रीस्तर) बाट स्वीकृत बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लेखित सूचक पूरा गरी मिति २०७८ असोज ६ गते बुधबार बालमैत्री वडा घोषणा गर्ने निर्णय गरियो ।

## निर्णय नं.५

त्रि.वि. लायन्स रक्तसंचार तथा अनुसन्धान केन्द्रको मिति २०७८/०५/१७ प.सं.०३/०७८/०७९ को त्रि.वि. लायन्स रक्तसंचार तथा अनुसन्धान केन्द्रसँग संस्थागत साझेदारी गर्ने विषयको प्राप्त पत्रानुसार उक्त केन्द्रको साझेदार हुनका लागि यस कीर्तिपुर नगरपालिकाको तर्फबाट रू.१,२५,००,०००।- (अक्षरुपी एक करोड पच्चीस लाख मात्र) एकमुष्ट वा शुरुमा ४०% र क्रमशः २०% का दरले संझौताको ४ वर्ष भित्रमा केन्द्रलाई उपलब्ध गराएमा सम्मान स्वरुप यस नगरपालिकाका नगर प्रमुख संस्थाको संरक्षक तथा नगरपालिकाले तोकेको एकजना जनप्रतिनिधि केन्द्रको कार्य समितिमा आमन्त्रित पदेन सदस्य रहने व्यवस्था बारे अवगत भयो र सो त्रि.वि. लायन्स रक्तसंचार तथा अनुसन्धान केन्द्रको साझेदार संस्था बन्नका लागि विस्तृत रुपमा अध्ययन गर्नका लागि तपशील बमोजिमका सदस्यहरु रहने गरी ५ सदस्यीय अध्ययन समिति गठन गरी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तपशिलः

| क्र.स | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री राजेन्द्र बानियाँ, वडा अध्यक्ष | संयोजक | |
| २ | श्री अमन महर्जन, वडा अध्यक्ष | सदस्य | |
| ३ | श्री सुमन पोखरेल, कार्यपालिका सदस्य | सदस्य | |
| ४ | श्री सुनिता नकर्मी, कार्यपालिका सदस्य | सदस्य | |
| ५ | श्री प्रविन कुमार शाही, लेखा अधिकृत | सदस्य सचिव | |

## निर्णय नं.६

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदनहरु मध्ये "घ" वर्गको व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्बन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/फर्महरुलाई "घ" वर्गको निमार्ण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क.स | फर्म/कम्पनीको नाम | संचालकको नाम | वडा नं, ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | अजोड कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | श्री अन्जु श्रेष्ठ | की.न.पा-९, बाहिरीगाउँ | |

## निर्णय नं.७

यस कीर्तिपुर नगरपालिका, नगरकार्यपालिकाको मिति २०७८ बैशाख १३ गतेको ९२ औं बैठकको निर्णय बमोजिम की.न.पा- ४ पुष्पलाल पार्क देखि चम्पादेवी सम्मको मोटर बाटो खोल्नका लागि नगरपालिकामा विनियोजन भएको जग्गा एकिकरण आयोजनाका लागि विनियोजित रकमबाट रकमान्तर गरी नगरपालिकाबाट रु.५०,००,०००।- दिने निर्णय गरिएकोमा हाल उक्त कार्य सम्पन्न भएको प्राविधिक मूल्याङ्कन भई आएको हुदाँ कार्यसम्पादन मूल्याङ्कनको आधारमा रकम भुक्तानी गर्ने निर्णय गरियो ।